# बेलका नगरपालिका उदयपुर
## प्रधानमन्त्री रोजगार कार्यक्रम






# कार्य सम्पन्न प्रतिवेदन

आ.व.२०७९/०८०

<u>प्रस्तुतकर्ता</u>

रोजगार सेवा केन्द्र

बेलका नगरपालिका रामपुर, उदयपुर।

## प्रतिवेदन सारांश

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिकहकमा समावेश गरेको अवस्थामा सो मौलिकहकको कार्यान्वयन गर्न रोजगारी हक सम्बन्धी ऐन २०७५ जारी भई सकेको छ । यो ऐनले प्रत्येक स्थानीय तहमा रोजगार सेवाकेन्द्रको स्थापना गरि बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था  अनुरुप उदयपुर जिल्लाको बेलका नगरपालिकामा २०७५ साल चैत्र १ गते वाट औपचारिक रुपमा रोजगार सेवाकेन्द्र स्थापना गरि संचालन गरिएको अवस्था छ । ऐन अनुसार यो आ.व. को फाल्गुण महिनामा गरेको आवेदन आगामी आ.व. मा कार्यान्वयन हुने गर्दछ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्रानुसार यस  आ. व. मा फाल्गुण महिनामा बेरोजगारहरुको आवेदन फारम भरिएको छ र उक्त फारमहरुको पहिचान गरि चैत्र महिनामा EMIS (रोजगार व्यवस्थापन सूचना प्रणाली) मा प्रविष्टि गरिएको छ । गत आ. व. मा सूचिकृत भएका वेरोजगार आवेदनहरुका आधारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दर्ता भएका वेरोजगारहरुलाई यो नगरपालिकामा ५३ लाख ९९ हजार रुपैया निकाशा गरेपछि यस नगरपालिकाका ९ वटा वडामा  विभिन्न क्षेत्रमा २२ वटा  साना ठूला आयोजनाहरु संचालन गरि जम्मा १९ लाख १ सय पच्चीस रुपया रकम खर्च भएको छ । जसमा ३२ जना युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (युवा रुप) विश्व वैंक अन्तर्गत र २१ जना नेपाल सरकार गरी जम्मा ५३ जना बेरोजगार व्यक्तिले अधिकतम १०० (आयोजना अनुसार फरक) दिन सम्मको रोजगारी प्राप्त गरी कुल ३२९३ दिन रोजगारी प्राप्त गरेका छन । विभिन्न वडामा संचालन गरिएका योजनाहरुमा विद्यालय भवन निर्माण तथा मर्मत, पहिरो रोकथाम तथा तारजाली भर्ने, सडक मर्मत तथा ग्राभेल गर्ने, सरसफाइ, बाँध निर्माण, आदि कार्यहरु संचालन गरिएका छन । यो कार्यक्रम वाट शैक्षिक वेरोजगार नभई श्रमिक बेरोजगारहरु लाभान्वित भएका छन । बैदेशिक रोजगारीलाई मर्यादित बनाउन बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिको काम पनि हाल स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाटै हुने थालेको छ । २०८० साल बैशाख १ गते देखि सुरु भएको यो कार्यक्रम हाल सम्म २४ जना व्यक्तिले श्रम स्वीकृति लिई सक्नु भएको छ । साथै बैदेशिक रोजगारीमा गएर मृत्यु भएका तथा अंङ्गभङ्ग भई उहाहरुले बैदेशिक रोजगार बोर्डबाट पाउने आर्थिक सहायताको लागि कागजातहरु पेश गरिदिने काम पनि रोजगार सेवा केन्द्र मार्फत नै भै रहेको छ ।

बिमला थापा
रोजगार संयोजक

विषय सूची


१.पृष्ठभुमी........................................................................................................ १

२. कार्यक्रमको लक्ष्य.............................................................................................. १

३. कार्यक्रमका उद्देश्य ............................................................................................ १

४. संचालित कृयाकलापहरु ....................................................................................... १

४.१.रोजगार सेवा केन्द्रको स्थापना............................................................................. २

४.२. कार्यक्रम सम्बन्धी अभिमुखीकरण......................................................................... २

४.३ बेरोजगार व्यक्तिको लगत संकलन......................................................................... ३

४.३.१. लिङ्गका आधारमा वेरोजगारहरुको विवरण............................................................ ३

४.३.२. वर्ग/समुहका आधारमा बेरोजगारहरुको विवरण ...................................................... ४

४.४. कामका लागि पारिश्रमिकमा आधारित आयोजना संचालन.............................................. ४

४.४.१ वडा नं. १ का आयोजनाहरुको विवरण ................................................................. ६

४.४.२ वडा नं. २ का आयोजनाहरुको विवरण ................................................................. ७

४.४.३ वडा नं. ३ का आयोजनाहरुको विवरण ................................................................. ७

४.४.४ वडा नं. ४ का आयोजनाहरुको विवरण ................................................................. ७

४.४.५ वडा नं. ५ को आयोजनाहरुको विवरण ................................................................. ७

४.४.६ वडा नं. ६ का आयोजनाहरुको विवरण ................................................................. ८

४.४.७ वडा नं.७ का आयोजनाहरुको विवरण .................................................................. ८

४.४.८ वडा नं.८ का आयोजनाहरुको विवरण .................................................................. ९

४.४.९ वडा नं.९ का आयोजनाहरुको विवरण .................................................................. ९

४.५. श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत गरिएका कार्यक्रमहरु.......................................... ९

४.६. व्यक्तिगत श्रम स्विकृति र पुनः श्रम स्विकृतिको काम.................................................... १०

४.७. आ व २०७९।०८० मा ९ वटै वडामा संचालन भएका योजना तथा कार्यक्रमको तत्थ्यगत विवरण ............ १२

४.८.आयोजनाको अनुगमन तथा मुल्याङ्कन........................................................................ १२

५. कार्यक्रमका समग्र उपलव्धीहरु ................................................................................ १४


विमला थापा
रोजगार संयोजक

६. कार्यक्रम संचालनमा आइपरेका समस्याहरु........................................................... १५

७. कार्यक्रमका अवसरहरु........................................................................................ १५

८. कार्यक्रमका चुनौतीहरु ...................................................................................... १६

९. कार्यक्रमका लागि सिफारिसहरु .......................................................................... १६

१०. कार्यक्रममा भएको खर्चको विवरण ..................................................................... १६

११. निश्कर्ष............................................................................................................ १८

अनुसूची- १ ............................................................................................................ १९

कर्मचारीको विवरण.................................................................................................. १९

अनुसूची -२ ............................................................................................................ २०

स्थानीय निर्देशक समिति (प्रधानमन्त्री रोजगार कार्यक्रम) ............................................ २०

अनुसूची -३ ............................................................................................................ २१

प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सम्बन्धित ऐन, नियमावली, निर्देशिका तथा कार्यविधि/मापदण्डहरुको विवरण .. २१


बिमला शर्मा
रोजगार संयोजक

## १.पृष्ठभुमी

संविधानमा भएको व्यवस्थालाई व्यवहारमा उतार्नका लागि नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन २०७५ जारी गरे संगै वेरोजगारहरुलाई रोजगारीका लागि आवेदन गर्ने बाटो खुल्यो । वेरोजगार व्यक्तिको आवेदन लाई संकलन व्यवस्थापन, पहिचान र कार्यान्वयनका लागि हरेक स्थानीय तहमा एउटा रोजगार सेवाकेन्द्र स्थापना गर्ने र रोजगार सेवा केन्द्रको दैनिक कार्य संचालनको लागि एकजना रोजगार संयोजक नियुक्त गर्ने साथै स्थानीय तहका प्रमुखको अध्यक्षतामा स्थानीय तह निर्देशक समिति गठन गरि त्यसैको मातहतमा सम्पुर्ण काम गर्ने गरि प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ फागनु १ गते औपचारिक रुपमा सुरुवात भयो । कर्मचारी व्यवस्थापनमा अनलाइन प्रणालीवाट रोजगार संयोजकहरु छनौट गर्दा २ पटकको प्रयासमा पनि पर्याप्त हुन सकेन तथापी २०७५ फागुन २६ गतेवाट स्थानीय तहमा हाजीर भइ काम काज गर्ने गरि परीक्षामा सफल भएका रोजगार संयोजकहरुलाई आफैले छनौट गरेका स्थानीय तहमा पठाइयो । हाल आएर रोजगार सेवा केन्द्रमा कार्य गर्नका लागि रोजगार संयोजक १ जना साथै स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपुर्ती सम्बन्धी मापदण्ड, २०७८ जरी गरी हाल १ जना प्राविधिक सहायक र १ जना रोजगार सहायक गरी जम्मा ३ जना कार्यरत छौं ।

## २. कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारीमा जाने वाध्यात्मक अवस्थाको अन्त्य गर्नका लागि **"आन्तरिक रोजगारिका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन"** लक्ष निर्धारण गरेकोछ ।

## ३. कार्यक्रमका उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित लक्ष हासील गर्नका लागि विभिन्न ४ वटा उदेश्यहरु राखेको छ जसमा रोजगार सेवा प्रदान गर्ने देखि दीर्घकालिन व्यवसायलाई समेटेको छ । कार्यक्रमका उदेश्यहरु निम्नानुसार रहेकाछन:

क. रोजगार सेवा र सहायता

ख. दक्ष र सक्षम जनशक्ति तयार गर्ने

ग. विभिन्न क्षेत्रगत र तहगत समन्वय एवम सहकार्य स्थापना

घ. आन्तरिक रोजगार सृजनाका लागि नीतिगत पहल

## ४. संचालित कृयाकलापहरु

बेलका नगरपालिका, रामपुर उदयपुरमा आ.व. ०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम उपलव्धिमुलक कार्य सम्पादन गरि सम्पन्न भएको छ । कार्यक्रकमा स्थानीय तहले स्रोत साझेदारी गर्ने रकम प्रयाप्त नहुँदा र वेरोजगारहरु दैनिक ज्याला ५७७ मा काम गर्न असमर्थ हुँने भए पनि यस नगरपालिकामा जति योजनाहरु संचालन भए ती कार्यक्रम तथा आयोजनाहरु निर्धारित समयमा पूरा गरेको छ । यो अवधीमा संचालन गरिएका कृयाकलापहरु तल प्रस्तुत गरिएको छः



बिमला थापा
रोजगार संयोजक

## ४.१.रोजगार सेवा केन्द्रको स्थापना

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजकको रुपमा विमला थापाले २०७५ फागुन १६ गते श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट नियुक्ति लिए पश्चात २०७५ फागुन २६ गते मन्त्रालयको पत्र बेलका नगरपालिकालाई बुझाई औपचारिक रुपमा हाजिर हुनुभएको थियो भने सोही समयदेखि निरन्तर सेवा करारमा रहि बेलका नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापान गरि संचालन हुँदै आएको छ । त्यसै गरी रोजगार सेवा केन्द्रबाट संचालन हुने आयोजनाहरु संचालन गर्नका लागि २०७९ माघ १५ गतेबाट १ जना रोजगार सहायक श्री रविन राई र २०७९ चैत्र २० गते प्राविधिक सहयक श्री अशोक कुमार चौधरीलाई छनौट गरी उहाँहरुले हालसम्म कार्य गरिरहनु भएको छ। रोजगार सेवा केन्द्र संचालनका लागि आवश्यक पर्ने सामाग्रीहरु पनि खरीद गरिएका छन।

## ४.२. कार्यक्रम सम्बन्धी अभिमुखीकरण

बेलका नगरपालिकामा रोजगार सेवाकेन्द्र स्थापना भएपश्चात गत सालभन्दा केही कार्यविधिहरु परिवर्तन भएर आएका कारण नगर कार्यपालिकाका सवै निर्वाचित जनप्रतिनिधि तथा सरोकारवाला कर्मचारीहरुलाई कार्यक्रमको वारेमा जानकारी गराउने उदेश्यले कार्यक्रमसँग सम्बन्धित ऐन, नियमावली, कार्यविधि/मापदण्ड तथा निर्देशिकाहरुको विवरणको प्रिन्ट कपि उपलब्ध गराईएको छ । साथै स्थानीय निर्देशक समितिको बैठक तथा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत गरिएका कृयाकलापहरुमा समेत कार्यक्रमबारे जानकारी गराईएको छ । उक्त कार्यक्रममा कार्यक्रमले परिकल्पना गरेको क्षेत्र, अपेक्षित उपलव्धी कार्य संचालन प्रकृया, नयाँ,परिवर्तित तथा संसोधित कार्यविधि र रोजगार सेवाकेन्द्रको काम कर्तव्य अधिकार सम्वन्धमा रोजगार संयोजकले जानकारी गराउनु भएको थियो। भने अभिमुखीकरणमा छलफल गरिएका विषय वस्तुहरु निम्नानुसार रहेका थिए:

- प्रधानमन्त्री रोजगार कार्यक्रम के हो ?
- रोजगार सेवा केन्द्र के हो ?
- रोजगार सेवा केन्द्रको काम कर्तव्य अधिकार के हो ?
- बेरोजगार व्यक्ति भन्नाले के बुझिन्छ ?
- बेरोजगार व्यक्ति /परिवारले पाउने सेवा सुविधा के हो ?
- बेरोजगार व्यक्ति सुचिकरण प्रकृया के हो ?
- सुचिकृतबेरोजगार व्यक्तिले रोजगारी पाउने प्रकृया के हो ?
- यो कार्यक्रमअन्तरगत गाउँ/नगर कार्यपालिकाको भुमिका के हो ?
- PMEP अन्तरगत वडा कार्यालयको भुमिका के हो ?
- कामका लागि पारिश्रमिक आयोजना संचालन कार्यविधि २०७७ मा के के उल्लेख भएको छ ?

- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ मा के के रहेको छ ?

यो अभिमुखीकरण संगै वेरोजगारहरुको आवेदन संकलन सम्बन्धमा समेत अनुशिक्षण गरिएको थियो।


## ४.३ बेरोजगार व्यक्तिको लगत संकलन

गत वर्षहरु जस्तै यो वर्ष पनि नगरपालिकाका सवै वडा कार्यलयमा आवेदन गर्नका लागि नगरपालिकाको सुचना पाटी, फेसवुक पेज, वेवसाइड र सम्पूर्ण वडा कार्यालयका सूचना पाटिहरु सुचना टास गरेर सबै वेरोजगार व्यक्तिहरुलाई बेरोजगारको सुचीमा सुचिकृत हुन आह्वान गरियो । तत्पश्चात रोजगार सेवा केन्द्रले नै हरेक वडा कार्यालयमा निःशुल्क रुपमा आवेदन फारम पाउने व्यवस्था गरियो । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकमा उल्लेख भए बमोजिम फाल्गुण १ देखि फागुन मसान्तसम्म १ महिनाको समयमा आवदेनका लागि सूचना प्रकाशन गरियो। नगरपालिकाको ९ वटै वडाबाट संकलन गरिएका सम्पूर्ण फारमहरु आवश्यक छानबिन गरी रितपुर्वक परेका नयाँ र पुराना नविकरण गरेर जम्मा ७४९ वटा निवेदनहरु आ.व. २०८०/८१ को लागि EMIS मा प्रविष्ट गरिएका छन्।

### ४.३.९. लिङ्गका आधारमा वेरोजगारहरुको विवरण

लिङ्गका आधारमा हेर्दा बेलका नगरपालिकामा आ व २०८०।०८१ का लागि दर्ता भएका कुल ७४९ वटा आवदेन मध्ये ६०% अर्थात ४४९ वटा आवेदन पुरुषका रहेका छन भने ४०% अर्थात ३०० वटा महिलाको आवेदनहरु परेका छन्। वेरोजगारहरुको लिङ्गीय विवरण तल प्रस्तुत गरिएको छः

| वार्ड नं | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | २७ | ६ | ० | ३३ |
| २ | ९ | ७ | ० | १६ |
| ३ | ३३ | ३९ | ० | ७२ |
| ४ | १३ | १५ | ० | २८ |
| ५ | ६ | २७ | ० | ३३ |
| ६ | ६० | १३२ | ० | १९२ |
| ७ | ४१ | ४६ | ० | ८७ |
| ८ | ४५ | १५६ | ० | २०१ |
| ९ | ६६ | २१ | ० | ८७ |
| जम्मा | ३०० | ४४९ | ० | ७४९ |









बिमला थापा
रोजगार संयोजक

### ४.३.२. वर्ग/समुहका आधारमा बेरोजगारहरुको विवरण

बेलका नगरपालिका विभिन्न प्रकारका वर्ग/समुह र जातजातीको बसोबास रहेको नगरपालिका हो । यहाँका आफ्नै प्रकारका जात अनुसारका भाषा, धर्म र संस्कृतिहरु रहेका छन । त्यसैगरि प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त भएका वेरोजगारहरुका आवेदन मध्ये सवै भन्दा वढी आदिबासी/जनजाती (समुह) रहेका छन । तुलानात्मक रुपमा यस नगरपालिकामा आदिबासी/जनजातिहरुको सघन वसोबास रहि आएको छ। यो नगरपालिकाको कुल ७४९ आवेदन मध्ये दलितको आवेदन संख्या ९३ अर्थात १३%, आदिबासी/जनजातीको संख्या ५१९ अर्थात ६९%, मधेसीको २ (०.२७%) र अन्य जातीको आवेदन संख्या १३५ अर्थात १८% रहेको छ । जसको विवरण तल प्रस्तुत गरिएको छः

| वार्ड नं | दलित | आदिबासी/ जनजाती | मधेषी | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ० | २८ | २ | ३ | ३३ |
| २ | १ | ९ | ० | ६ | १६ |
| ३ | ६ | ४९ | ० | १७ | ७२ |
| ४ | २० | २ | ० | ६ | २८ |
| ५ | १ | २५ | ० | ७ | ३३ |
| ६ | २५ | १५८ | ० | ९ | १९२ |
| ७ | ८ | ७९ | ० | ० | ८७ |
| ८ | १२ | १४३ | ० | ४६ | २०१ |
| ९ | २० | २६ | ० | ४१ | ८७ |
| जम्मा | ९३ | ५१९ | २ | १३५ | ७४९ |




### ४.४. कामका लागि पारिश्रमिकमा आधारित आयोजना संचालन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यविधि अनुसार आ.व. ०७८/०७९को फाल्गुण महिनामा लिएको वेरोजगारहरुको लगत आ.व. ०७९/०८० मा कार्यान्वयन हुने गर्दछ । यसै शिलशीलामा यस नगरपालिकामा केहि काम गर्ने योजनाका साथ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि (२०७७), युवा रोजगारीका लागि रुपान्तरण पहल

आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ लागु भएपछि यो नगरपालिकामा ५३ लाख ९९ हजार रुपैया रकम निकाशा गरेको थियो । केही आयोजनाहरु नगरपालिकासँग साझेदारी गरेर र केही अन्य निकायहरुसँग गरी विशेष गरेर भौतिक पुर्वाधार, सडक निर्माण तथा मर्मत, सरसफाई , पहिरो व्यवस्थापन, विद्यालय भवन निर्माण तथा मर्मत नदि नियन्त्रण बाँध निर्माण आदि आयोजनाहरु सञ्चालन गरेको थियो । मन्त्रालयको योजना अनुसार बेरोजगाहरुलाई रोजगारी दिन नसकिएता पनि योजना अनुसार रोजगारीको दिन पनि फरक फरक हुने गरी कार्यक्रम संचालन गरियो र कुल ५३ जना श्रमिकहरु परिचालन गरियो ।आ.व. २०७९।०८० मा बेलका नगरपालिकामा संचालन भएका २१ वटा योजनाको वडागत विवरण तल प्रस्तुत गरिएकोछः

**रोजगारी सृजना (नेपाल सरकार) मार्फत संचालन गरिएका आयोजनाहरुको विवरण:**

| क्र. सं. | आयोजना/कामको नाम | वडा नं | रकम जम्मा रु. | जम्मा कामदार संख्या | जम्मा रोजगारीमा संलग्न दिन |
|---|---|---|---|---|---|
| १ | वडा नं १ को कार्यालय भित्र बोट बिरुवा गोडमेल संरक्षण र सरसफाई गर्ने | १ | १७३१०० | ३ | ३०० |
| ३ | वडा कार्यालय सरसफाई तथा मालीको काम गर्ने | २ | ५७७०० | १ | १०० |
| ४ | वडा कार्यालय परिसर सरसफाई तथा माली को काम गर्ने | ४ | ५७७०० | १ | १०० |
| ५ | वडा कार्यालय परिसर सरसफाई तथा माली को काम गर्ने | ५ | ५७७०० | १ | १०० |
| ६ | सोमबारे हुँदै माङ्युटार सडक मर्मत योजना | ७ | ६९२४० | २ | १२० |
| ७ | सडक हेरालु र पक्का नाली मर्मत | ८ | १३८४८० | ४ | २४० |
| ९ | सेतिखोला पश्चिम जाली भर्ने | ८ | ६९५९२ | ५ | १२१ |
| १० | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन घेराबेरा | ८ | ११५४०० | ३ | २०० |
| ११ | वडा कार्यालय सरसफाई तथा सहयोगी | ९ | ५७७०० | १ | १०० |
| | जम्मा | | ७९६६१२ | २१ | १३८१ |

**रोजगारी सृजना (आई डि ए) मार्फत संचालन गरिएका आयोजनाहरुको विवरण:**

| क्र. सं. | आयोजना/कामको नाम | वडा नं | खर्च भएको रकम रु. | कामदार संख्या | रोजगारीमा संलग्न दिन |
|---|---|---|---|---|---|
| १ | वडा नं ३ भरिको सडक मर्मत नाली सरसफाई तथा झाडी सरसफाई | ३ | ४१२५६ | २ | ७१.५ |
| २ | रातमाटे -हुर्दुङ्गे -पोखरे बाटो मर्मत | ५ | ११५४०० | २ | २०० |



बिमला थापा
रोजगार संयोजक

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वडा नं. ५, प्रधानमन्त्री रोजगार कार्यक्रम (सुपाडे-रानीपधेरी-शिखरमाडी बाटो मर्मत र जहडा-डाडाँगाऊ खयरवनी शिखरमाडी बाटो मर्मत) | ५ | ९६९३६ | ५ | १६८ |
| ४ | ढाके-बरबोटे-सुकुम्ला सडक मर्मत | ६ | ५७७०० | १ | १०० |
| ५ | लाल बजार लामिडाडाँ पुवारेथुम्का सडक मर्मत | ६ | ५७७०० | १ | १०० |
| ६ | वडा नं. ६ भरि विद्युत मर्मत सम्भार | ६ | २३०८०० | ४ | ४०० |
| ७ | श्री जाल्पा आधारभूत विद्यालय मर्मत योजना | ७ | १६४४५ | २ | २९ |
| ८ | कान्चिराङ मा वि भवन मर्मत र पदमार्ग निर्माण | ७ | ६१४५१ | ६ | १०७ |
| ९ | सडक हेरालु र पक्की नाली मर्मत | ८ | ४१५४४ | १ | ७२.० |
| १० | साप्ला खोला साथै उर्जा खा. पा. योजना | ८ | २१९२६ | २ | ३८ |
| ११ | रामपुर बजार सरसफाई साथै नगर अस्पताल र सर्पदंश सरसफाई | ९ | ५७७०० | १ | १०० |
| १२ | तपेश्वरी रामपुर मुल सडक खण्ड र कृषि सडक खण्ड सडक मर्मत गर्ने | २ | ४३२७५ | २ | ७५ |
| १३ | जागिराम आ.वि. भवन निर्माण | ८ | १०७६११ | ३ | १८७ |
| १४ | वडा नं ९ भित्र रहेका विभिन्न सडकहरुको मर्मत गर्ने | ९ | ३८३७१ | ४ | ६७ |
| जम्मा | | | ९८८११३ | ३६ | १७१३ |

## ४.४.१ वडा नं. १ का आयोजनाहरुको विवरण

बेलका नगरपालिका वडा नं १ को कार्यालय परिसरमा बोट विरुवा गोडमेल संरक्षण र सरसफाई गरिएको छ। उक्त आयोजना कुल १ लाख ७३ हजार १ सय रुपया लागत रहेको थियो भने ३ जना श्रमिकहरु परिचालन गरिएका थिए। यस आयोजनाको कूल रोजगारी दिन ३०० दिन रहेको थियो।





वडा नं. १ को कार्यालय भित्र बोट बिरुवा गोडमेल संरक्षण र सरसफाई गर्ने

बिमल थापा
रोजगार संयोजक

### ४.४.२ वडा नं. २ का आयोजनाहरुको विवरण

बेलका नगरपलिका वडा नं २ मा यस आ व मा वडा कार्यालय सरसफाई तथा मालीको काम गर्ने १ योजना मात्रै संचालन भएको छ। ५७ हजार ७ सय रुपैयाँ कूल रकम भएको यस योजनमा १ जना श्रमिकले कुल १०० दिन रोजगारी पाएको छ।

### ४.४.३ वडा नं. ३ का आयोजनाहरुको विवरण



वडा नं. ३ भरिको सडक मर्मत, नाली सरसफाई तथा झाडी सरसफाई

बेलका नगरपालिका वडा नं. ३ मा जम्मा १ वटा आयोजना सम्पन्न गरिएको छ। जसमा वडा नं ३ भरिको सडक मर्मत नाली सरसफाई तथा झाडी सरसफाई योजना, संचालन भएको थियो। कुल ४१२५६ रुपया लागत स्टिमेट भएका यो आयोनामा २ जना श्रमिकले ७२ दिन बराबरको रोजगारी प्राप्त गरेका छन।

### ४.४.४ वडा नं. ४ का आयोजनाहरुको विवरण

बेलका नगरपालिका वडा नं ४ मा यस आ.व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जम्मा १ वटा आयोजना संचालन भएको छ। जसमा वडा कार्यालय परिसर सरसफाई तथा मालीको काम गर्ने योजना रहेको छ। ५७७०० रुपैयाँ लागत रहेको यस योजनामा १ जना श्रमिकले १०० दिन बराबरको रोजगारी प्राप्त गरेको छ।

### ४.४.५ वडा नं. ५ को आयोजनाहरुको विवरण


बाटो मर्मत सम्भार तथा कच्ची नाली निर्माण

बेलका नगरपालिकाको वडा नं. ५ मा यस आ.व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ वटा योजनाहरु संचालन भएका छन्। जसमा वडा नं ५ को वडा कार्यालय परिसरमा सरसफाई तथा माली, रातमाटे -हुर्दुङ्गे - पोखरे बाटो मर्मत र वडा नं. ५, प्रधानमन्त्री रोजगार कार्यक्रम (सुपाडे-रानीपधेरी-शिखरमाडी बाटो मर्मत र जहडा-डाडाँगाऊ खयरवनी शिखरमाडी बाटो मर्मत) रहेका






बिमल थापा
रोजगार संयोजक

छन् । कुल २ लाख ७ सय ३६ रुपयाको लागत भएका ३ वटा योजनाहरुमा ८ जना बेरोजगार श्रमिकहरुले ४६८ दिन बराबरको रोजगारी प्राप्त गरेका छन ।

### ४.४.६ वडा नं. ६ का आयोजनाहरुको विवरण


वडा नं. ६ भरी बिद्युत मर्मत सम्भार

बेलका नगरपालिका वडा नं ६ मा आ.व. २०७९।०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ वटा योजनाहरु संचालन भएका छन । जसमा ढाके-बरबोटे-सुकुम्ला सडक मर्मत लाल बजार लामिडाडाँ पुवारेथुम्का सडक मर्मत वडा नं. ६ भरि विद्युत मर्मत सम्भार रहेका छन । ३ लाख ४६ हजार २ सय रुपया कुल लागत रहेको आयोजनाहरुमा ६ जना श्रमिकहरुले ६०० दिन रोजगार प्राप्त गरेका छन ।

### ४.४.७ वडा नं.७ का आयोजनाहरुको विवरण

बेलका नगरपालिकाको वडा नं ७ मा यस आ.व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ वटा योजनाहरु संचालन भएका छन् । जसमा सोमबारे हुँदै माङ्युटार सडक मर्मत योजना, श्री जाल्पा आधारभूत विद्यालय मर्मत योजना र कान्विराङ मा. वि. भवन मर्मत र पदमार्ग निर्माण योजनाको काम सम्पन्न भएका छन् । १ लाख ४७ हजार १ सय ३५ रुपैयाँ बराबरको लागत स्टिमेट रहेका यी योजनाहरुमा १० जना श्रमिकहरुले २५५ दिन रोजगार प्राप्त गरेका छन् ।


जाल्पादेवी आधारभुत बिद्यालय भवन मर्मत

## ४.४.८ वडा नं.८ का आयोजनाहरुको विवरण

बेलका नगरपालिकाको वडा नं ८ मा यस आ.व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५ वटा योजनाहरु संचालन भएका छन् । जसमा जागिराम आ.वि. भवन निर्माण, सडक हेरालु र पक्की नाली मर्मत, साप्ला खोला साथै ऊर्जा खा. पा. योजना, सेतिखोला पश्चिम जाली भर्ने, आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन घेराबेरा योजना रहेका छन् । ४ लाख ९४ हजार ५ सय ५३ रुपैयाँ लागत रहेका यी योजनाहरुमा १८ जना श्रमिकहरुले ८५८ दिन रोजगारी प्राप्त गरेका छन् ।




सेतीखोला पश्चिम जाली भर्ने योजनाको केही तस्विरहरु



जागिराम आ.बि. भवन निर्माण

## ४.४.९ वडा नं.९ का आयोजनाहरुको विवरण

बेलका नगरपालिकाको वडा नं ९ मा यस आ.व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत साना ठुला गरेर ३ वटा योजनाहरु संचालन भएका छन । जसमा वडा नं ९ भित्र रहेका विभिन्न सडकहरुको मर्मत गर्ने रामपुर बजार सरसफाई साथै नगर अस्पताल र सर्पदंश सरसफाई वडा कार्यालय सरसफाई तथा सहयोगी योजना रहेका छन । यी आयोजनामा जम्मा ६ जना श्रकिकले २६७ दिनको रोजगारी प्राप्त गरेका छन । यी योजनाहरुको कुल लागत १ लाख ५३ हजार ७ सय ७१ रुपया रहेको थियो ।



वडा नं. ९ भित्र रहेका विभिन्न सडकहरुको मर्मत गर्ने

## ४.५. श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत गरिएका कार्यक्रमहरु

श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत वडा नं ५ को वडा समितिका पदाधिकारीहरु र स्थानीय निर्देशक समितिलाई न्यूनतम रोजगार नागरिकको अधिकार नारालाई सार्थक बनाउन स्थानीय सरकार र सबै सरोकारवाला

लाग्नुपर्ने कुराहरु प्रस्तुत गरियो । साथै बेरोजगार दर्ता फारम र निवेदन दिदा देखिएका समस्या सम्बन्धी छलफल गरिएको थियो ।




## ४.६. व्यक्तिगत श्रम स्विकृति र पुनः श्रम स्विकृतिको काम

बैदेशिक रोजगार विभागले बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको काम श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयसँग समन्वय गरी स्थानीय तहको रोजगार सेवा केन्द्रबाटै यो सम्बन्धी कार्यहरु २०८० बैशाख १ गतेबाट रोजगार सेवा केन्द्रलाई जिम्मेवारी दिएको छ । जसअनुसार बेलका नगरपालिकामा २०८० बैशाख १ गते बाट हालसम्म २४ जनाले श्रम स्विकृतिको सेवा लिएका छन । जसको विवरण तल प्रस्तुत गरिएको छः

| क्र.सं. | नाम/ थर | ठेगाना | गन्तव्य मुलुक | कैफियत |
|---|---|---|---|---|
| १ | ऋषि नारायण श्रेष्ठ | बेलका-३, नेवार टोल | कतार | पुनः श्रम स्विकृति |
| २ | मोहन कुमार राई | बेलका-३, रातापानी | मलेसिया | " |
| ३ | मिलन सार्की | बेलका-९, रामपुर | कतार | " |
| ४ | दिपक खत्री | बेलका-७, मैनामैनी | दुवाई (UAE) | नया श्रम स्विकृति |
| ५ | कृष्णमान चौधरी | बेलका-२, भाकलपुर | क्रोयसिया | पुनः श्रम स्विकृति |
| ६ | योग राज बिष्ट | बेलका-५, खयरवनी पोखरे | दुवाई (UAE) | " |
| ७ | गोबिन्द वस्नेत | बेलका-९, कामना चोक | कतार | " |
| ८ | विमल विश्वकर्मा | बेलका-१, आम्वासी हाइट | कतार | " |
| ९ | जय बहादुर मगर | बेलका-३,किरात चोक | मलेसिया | " |



बिमल थापा
रोजगार संयोजक

| | | | | |
|---|---|---|---|---|
| १० | चन्द्र नारायण चौधरी | बेलका-१, आम्वासी | कतार | " |
| ११ | चित्र बहादुर माझी | बेलका-६, घारे टोल | साउदी अरव | " |
| १२ | मनोज राई | बेलका-३,वुद्ध चोक | दुवाई (UAE) | " |
| १३ | सुक्रिम दाहाल | बेलका | दुवाई (UAE) | " |
| १४ | तिलक बहादुर दाहाल | बेलका-३,रातापानी | साउदी अरव | " |
| १५ | पूर्ण बहादुर विश्वकर्मा | बेलका-९, प्रगति टोल | साउदी अरव | " |
| १६ | सन्तोष थापा | बेलका-५, शिखरमाडी | कतार | " |
| १७ | तुलाकान्त चौधरी | बेलका-३, रातापानी | दुवाई (UAE) | " |
| १८ | कल्पना दर्जी | बेलका-४, आनन्दपुर | कतार | " |
| १९ | उत्तम राई | बेलका-५, पिखरे | दुवाई (UAE) | " |
| २० | भुपाल बि.क. | बेलका-९, पानीटंकी टोल | दुवाई (UAE) | नया श्रम स्विकृति |
| २१ | मेघ राज विष्ट | बेलका-२, भाकलपुर | दुवाई (UAE) | पुनः श्रम स्विकृति |
| २२ | सफल मगर | बेलका-३, मुस्कान चोक | दुवाई (UAE) | " |
| २३ | लक्ष्मी शाही | बेलका-९, कमलाबारी | दुवाई (UAE) | " |
| २४ | सफल मगर | बेलका-३, मुस्कान चोक | दुवाई (UAE) | " |
| २४ | गजेन्द्र बहादुर विश्वकर्मा | बेलका-६ माङफाङ टोल | कतार | " |



रोजगार संयोजक विमला थापाबाट श्रम स्वीकृतिको स्टिकर लिदै सन्तोष थापा



विमला थापा
रोजगार संयोजक

## ४.७. आ व २०७९।०८० मा ९ वटै वडामा संचालन भएका योजना तथा कार्यक्रमको तत्थ्यगत विवरण

बेलका नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ. व. मा ९ वटै वडाका २१ वटा योजनाहरु सम्पन्न गरिएको छ। जसको वडागत तत्थ्यगत विवरण तल प्रस्तुत गरिएको छः

| वडा नं. | आयोजना संख्या | कामदार संख्या | काम गरेको दिन | प्र. म. रोजगार रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ३ | ३०० | १७३१०० | |
| २ | २ | ३ | १७५ | १००९७५ | |
| ३ | १ | २ | ७२ | ४१२५६ | |
| ४ | १ | १ | १०० | ५७७०० | |
| ५ | ३ | ८ | ४६८ | २७००३६ | |
| ६ | ३ | ६ | ६०० | ३४६२०० | |
| ७ | ३ | १० | २५५ | १४७१३५ | |
| ८ | ५ | १५ | ८५८ | ४९४५५३ | |
| ९ | २ | ५ | ६७ | ७६०७१ | |
| जम्मा | २१ | ५३ | २८९५ | १७०७०२६ | |

## ४.८.आयोजनाको अनुगमन तथा मुल्याङ्कन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालित कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु र युवा रोजगारीका लागि रुपान्तरण आयोजना कार्यक्रम अन्तर्गतका आयोजनाहरु संचालनको क्रममा विच विचमा प्राविधिक तथा रोजगार संयोजकले अनुगमन गरेकोमा कामको अन्त्यमा नगर कार्यपालिकाको उपप्रमुख वडा अध्यक्ष, वडा सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत संचार क्षेत्र संग सम्बन्धीत विभिन्न पत्रकारहरुले संयुक्त रुपमा अनुगमन गरिएको थियो । अनुगमनको क्रममा हरेक आयोजनाको लागत अनुसार काम भए नभएको भन्ने वारेमा अनुगमन सदस्यहरुले प्रश्न गर्नु भएको थियो भने स्थानीय श्रमिकहरुसंग समेत अन्तरक्रिया गर्नु भएको थियो । अनगुमनको क्रममा देखिएका सकारात्मक पक्षहरु तथा सुझावहरु तल निम्नानुसार रहेका छनः

**सकारात्मक पक्ष**

१. सबै आयोजनाहरु समयमा नै प्रभावकारी रुपमा कार्य सम्पादन भएको ।



बिमला थापा
रोजगार संयोजक

२. ५३ जनाले अधिकतम १०० दिन सम्मको रोजगारी पाएकोले समयको अधिकतम उपयोग भएको।

३. कुल २२ वडा भौतिक पुर्वाधार तथा खानेपानी तथा सरसफाई, आदि कामहरु सम्पन्न भएका।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रचार सवैतिर भएको ।

५. ज्याला भुक्तानीका लागि सवै श्रमिकहरुको वैंक खाता खोलेको र बैकमै पारिश्रमिक भुक्तानी गरिएको।

**सुझावहरु**

१. सेती खोलाबाट हुने क्षति न्युनिकरण गर्न थप जाली निर्माणको आवाश्यकता रहेको

२. नगरपालिकाले संचालन गर्ने योजनाहरुमा यो कार्यक्रमलाई समावेस गरि एकिकृत रुपमा संगै लैजानका लागि नगरपालिकालाई अनुरोध गर्ने।

**अनुगमनको निश्कर्ष**

समग्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत बेलका नगरपालिकामा तेस्रो पटक संचालन गरेको कार्यक्रम सन्तोषजनक रहेको हुदा डिजाइन स्टिमेट अनुसारका सवै श्रमिकहरुको ज्याला भुक्तानी गर्न सिफारिस गर्ने



आयोजना अनुगमनको क्रममा लिइएका केही तस्वीरहरु क्रमशः वडा नं ८, १ , ९ र ५

## ४.६.कार्यक्रम अन्तरगत संचालित बैठक

प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तरगत यो बेलका नगरपालिकामा स्थानीय निर्देशक समितिको बैठक जम्मा २ पटक संचालन भएका छन। साथै योजना संचालन गर्नका लागि प्राविधिक शाखा साथै प्रशासन शाखासँग पटक पट





**स्थानीय निर्देशक समिति बैठक र प्राविधिक शाखाका कर्मचारीहरुसँग समन्वयत्मक बैठक**

समन्वय बैठक बसिएको छ । वैठकले कार्यक्रमको वजेटको परिधि भित्र रहेर योजनाहरु वडासँग माग गर्ने साथै बेरोजगारहरुको प्राथमिकताक्रम निर्धारण गरी कार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरेको थियो । यसका साथ साथै जुम मिटिङ र ट्रेनिङहरु समेतमा रोजगार संयोजक, प्राविधि सहायकको सहभागिता रहेको थियो ।

## ५. कार्यक्रमका समग्र उपलव्धीहरु

प्रधानमन्त्री रोजगार कार्यक्रम जनताको मौलिक हक (रोजगारी को हक ) को कार्यान्वयनका लागि संचालन भएको कार्यक्रम हो । यो कार्यक्रम बेलका नगरपालिकामा प्रवेश गर्दा यसका पक्ष र विपक्षमा धेरै वहस भएको थियो र वेरोजगारको लागि आवेदन गर्दा काम पाउने भन्दा पनि भत्ता पाइने आसमा आवेदन गर्न इच्छूक भएको पाइयो । सुरुमा कार्यक्रम वारे सूचना अभिमुखिकरण पश्चात शैक्षिक वेरोजगारहरुले मात्र फारम भरेपनि पछिल्लो समयमा निराक्षर वेरोजगारहरुले आवेदन गरेको अवस्था छ । कुल ८२१ जना वेरोजगार व्यक्तिले आवेदन गरेको अवस्थामा यस वर्ष जम्मा ५३ जनाले अधिकतम १०० दिन (आयोजना अनुसार फरक) काम गर्ने मौका पाएका छन । जसलाई वुदागत रुपमा तल प्रस्तुत गरिएकोछः

क. श्रमिकहरुलाई नगरपालिका तथा रोजगार सेवा केन्द्रले गरेको सकारात्मक व्यवहारका कारण सुरुमा काममा आउन अनिच्छुक तथा आलोचक व्यक्तिहरु काम सुरु भएको एक हप्ता नवित्दै सहभागी हुन आवेदन गर्नु ।

ख. नगरपालिकाले कामका लागि परिश्रमिकमा आधारित आयोजनाहरु संचालन गर्दा आवाश्यक परापर्श प्रदान गर्नुका साथै श्रोत साझेदारी समेत गरेकोले आयोजना संचालन गर्न सहज भएको ।

ग. महिलाहरुले समाजमा पाएको न्युनतम ज्याला भन्दा वढी ज्याला प्राप्त गर्नु साथै काम गर्ने समय पनि तुलानात्मक रुपमा कम हुनु ।

घ. रोजगार सेवा केन्द्रको समन्वयमा काममा संलग्न सवै वेरोजगारहरुहरुको कुमारी वैकले निशुल्क रुपमा सुन्य वचतमा खाता खोलिदिएको ।



बिमला थापा
रोजगार संयोजक

ङ. काममा संलग्न ५३ जनाले नै बैक मार्फत आफ्नो ज्याला रकम प्राप्त। रोजगार सेवा केन्द्रमा स्थानीय व्यवसायी तथा उद्योगीहरुले कामका लागि श्रमिकहरु उपलव्ध गराउन माग गर्ने विषयमा छलफल भएको।

च. बेरोजगारहरुको विवरण EMIS मा प्रविष्टि भएको।

## ६. कार्यक्रम संचालनमा आइपरेका समस्याहरु

बेलका नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा उल्लेखनीय समस्या नआएपनि काममा केहि कठिनाई भने भएको छ। समग्रमा यो आ.व.मा यो कार्यक्रम संचालन गर्दा आइपरेका समस्याहरु निम्नानुसार रहेका छनः

क. कामका लागि पारिश्रमिकमा आधारित आयोजना संचालनको भुक्तानी प्रकृयाका वारेमा स्पस्ट नभएको (१ लाख भन्दा माथिको योजनाको ज्याला कहाँ कसरी भुक्तानी गर्ने समुहको नाममा निकाशा गर्ने वा हरेक श्रमिकको नाममा निकाशा गर्ने ) कारण भुक्तानी प्रकृयामा असहज भएको।

ख. EMIS सफ्टवेयरमा आइरहने समस्याले गर्दा वेरोजगारको विवरण भर्न कठिन भएको।

ग. आयोजनाको १००% वजेट ज्यालामा भुक्तानी गर्ने खालका दीर्घकालीन आयोजनाहरु छनौट गर्न समस्या भएको।

घ. बेरोजगारको दैनिक पारिश्रमिक ५७७ मात्र भएकोले काममा लगाउन गाह्रो भएको।

ङ. स्थानीय तहसँग स्रोत साझेदारीको बजेटको अपर्याप्तताका कारण सबै बजेट खर्च गर्न नसकिएको जसमा कुल बजेटको ४२ प्रतिशत मात्र खर्च गर्न सकिएको।

च. युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत मर्मतका मात्र योजना गर्नुपर्ने भएकोले योजना छनौट तथा संचालनमा कठिनाई आएको

## ७. कार्यक्रमका अवसरहरु

प्रधानमन्त्री रोजगार कार्यक्रमवाट बेलका नगरपालिकामा केहि अवसरहरु देखिएका छन जसलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएकोछः

क. रोजगार सेवा केन्द्र रोजगारदाता र वेरोजगारहरुका विचको पूल वन्न सक्ने र दुवै पक्षको आवश्यकता पुर्ती हुने देखिन्छ।

ख. महिला वेरोजगारहरुलाई आकर्षित गर्ने खालका कार्यक्रम संचालन गर्न सकिने, ४४% वेरोजगारहरु मात्र महिला भएको यो नगरपालिकामा महिला स्वरोजगार संग सम्बन्धीत कार्यक्रमहरु सानो लगानीमा संचालन गरी महिलाहरुलाई काममा आकर्षण गर्न सकिने।

ग. युवाहरुलाई मागाका आधारमा सीप र कार्यसंचालनका आधारमा प्रविधि सहयोग गरेर स्वरोजगार वनाउन सकिन्छ।

घ. रोजगार सेवा केन्द्रलाई रोजगार वैकको रुपमा विकास गर्न सकिन्छ।



बिमला थापा
रोजगार संयोजक

## ८. कार्यक्रमका चुनौतीहरु

बेलका नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आगामी दिनमा प्रभावकारी रुपमा संचालन गर्नका लागि केहि चुनौतीहरु देखा परेका छन जसलाई तल प्रस्तुत गरिएकोछः

क. रोजगार सेवा केन्द्रमा सुचिकृत सबै वेरोजगारको लागि नियमानुसार १०० दिनको रोजगारी दिन ठुलो रकमको आवश्यकता पर्दछ। यसमा साझेदारी गर्ने रकम स्थानीय तहसँग प्रयाप्त हुदैन र भएको रकम पनि साझेदारी गर्न आनाकानी गर्ने भएकोले त्यसको लागी संभव देखिदैन।

ख. यो कार्यक्रमका लागि अर्थ मन्त्रालय बाट विनियोजित वजेट पनि अपेक्षाकृत कम भएका कारण त्यसैका अनुपातमा यो नगरपालिकामा आउने वजेट ले सूचिकृत वेरोजगार मध्ये कतिलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय प्रमुख रुपमा अगाडी आएको छ।

ग. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनमा १ % कन्टेनजेन्सीले कार्यक्रम व्यवस्थानमा कठिनाई भएको।

घ. स्थानीय तहसँग स्रोत साझेदारी गर्ने बजेट नहुँदा र श्रमिकको दैनिक पारिश्रमिक रु ५७७ मात्र भएको कारण योजनाहरु संचालन गर्न कठिन।

## ९. कार्यक्रमका लागि सिफारिसहरु

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आगामी दिनमा प्रभावकारी रुपमा कार्य सम्पादन गर्नका लागि केहि सिफारिसहरु गरिएको छ।

क. आगामी वर्षको वजेट विनियोजनका लागि कार्यविधिले तय गरेको विधि वेरोजगारहरुको आवेदनलाई प्रमुख भार दिएर संसोधन गर्न।

ख. रोजगार सेवा केन्द्रका कर्मचारीहरुलाई आवश्यक क्षमता विकास गर्न।

ग. रोजगार दाता निकायहरुले नगरपालिकामा आफ्नोलागि आवश्यक जनशक्तिको विवरण सहित दर्ता हुने कानुनी व्यवस्था गर्न। (नगरपालिकाको लागि)

घ. श्रमिकको ज्याला कम्तिमा स्थानीय दर रेटको आधारमा राख्न

ङ. रोजगार सेवा केन्द्रबाट संचालन हुने योजनाको सुपरिवेक्षणका लागि स्थानीय तहलाई मन्त्रालयबाटै परिपत्र गर्न

## १०. कार्यक्रममा भएको खर्चको विवरण

बेलका नगपालिकामा रोजगार सेवा केन्द्र संचालन तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना साथैं युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना संचालन गर्नका लागि नेपाल सरकार, IDA शोधभर्ना हुने ऋण बाट रोजगार सेवा केन्द्रका कर्मचारी तलब भत्ता र रोजगार सेवा केन्द्र संचालन का लागि २० लाख ५८ हजार र कामका लागि पारिश्रमिक योजनाहरु संचालनका लागि ५३ लाख ९९ हजार रुपैया बजेट विनियोजन भएको थियो। जसमा कार्यविधि अनुसार श्रमिकहरुलाई दैनिक ५७७ रुपयाका दरले न्युनतम १०० दिन काममा खटाउनु पर्ने थियो र सोही अनुसार कार्य गर्दा यस आ.व. मा कर्मचारी तलब र रोजगार सेवा केन्द्र





बिमला थापा
रोजगार संयोजक

संचालन तथा सुदृढीकरणमा १४ लाख २२ हजार ५ सय ५० रुपया खर्च भएको छ भने कामका लागि पारिश्रमिक आयोजनाहरु संचालनका लागि १७ लाख ८४ हजार ७ सय २५ रुपया खर्च भएको छ। भने भुलवस १ लाख १५ हजार ४ सय रुपया बढीको चेक काटी उक्त रकम पनि नगरपालिकाको विविध खर्च खातामा जम्मा गरिएको छ। यस आ.व. को जम्मा खर्च प्रतिशत ४५ % रहेको छ। आ.व. २०७९।०८० को विस्तृत वित्तीय प्रगति विवरण तल प्रस्तुत गरिएकोछः

बेलका नगरपालिका

नगर कार्यपालिकाकोकार्यलय रामपुर, उदयपुर

कार्यालय कोड नं -८०१११४०४३००

कार्यक्रम परियोजनाअनुसार बजेट विनियोजन

आ. व. २०७९।०८० अवधि २०७९।०४।०१ देखि २०८०।०३।३२ सम्म

बजेटको प्रकारः चालु अनुदान ३७१००१०२

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अनुदान प्राप्त बजेट उपशीर्षकः युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना-३७१००१०३

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | श्रोत | विनियोजन वजेट | खर्च | खर्च % | मौज्दात |
|---|---|---|---|---|---|---|
| **८०१११४०४५११ सींय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)** | | | | | | |
| १ | रोजगार संयोजकको तलव | नेपाल सरकार | ४९४००० | ४९४००० | १००.०० | ० |
| २ | रोजगार संयोजकको नपुग तलव | नेपाल सरकार | ५७००० | ४३६८९ | ७६.६५ | १३३११ |
| ३ | रोजगार संयोजकको पोशाक | नेपाल सरकार | १०००० | १०००० | १००.०० | ० |
| ४ | प्राविधिक सहायकको तलब | IDA शोधभनर्न हुने ऋण | ३९३००० | १५०१७८ | ३८.२१ | २४२८२२ |
| ५ | रोजगार सहायकको तलब | IDA शोधभनर्न हुने ऋण | ३९३००० | १९१०१५ | ४८.६० | २०१९८५ |
| ६ | रोजगार सहायकको पोशाक | IDA शोधभनर्न हुने ऋण | १०००० | १०००० | १००.०० | ० |
| ७ | प्राविधिकसहायकको पोशाक | IDA शोधभनर्न हुने ऋण | १०००० | ० | ०.०० | १०००० |
| ८ | रोजगार सेवा केन्द्रको संचालन अनुगमन सञ्चार स्टेसनरी मर्मत आदि | IDA शोधभनर्न हुने ऋण | २६५००० | २४४२१८ | ९२.१६ | २०७८२ |
| ९ | रोजगारसेवा केन्द्र सुदृढीकरण कम्प्युटर फर्निचर फिक्चर्स क्यामरा अन्य विद्युतीय उपकरण | IDA शोधभनर्न हुने ऋण | ३००००० | २३७६५० | ७९.२२ | ६२३५० |
| १० | रोजगार संयोजकको स्थानीय भत्ता | नेपाल सरकार | ४८००० | २४००० | ५०.०० | २४००० |
| ११ | रोजगार सहायकको स्थानीय भत्ता | IDA शोधभनर्न हुने ऋण | ३९००० | ११००० | २८.२१ | २८००० |
| १२ | प्राबिधिक सहायकको स्थानीय भत्ता | IDA शोधभनर्न हुने ऋण | ३९००० | ६८०० | १७.४४ | ३२२०० |





बिमला थापा
रोजगार संयोजक

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | | | २०५८००० | १४२२५५० | ६९.१२ | ६३५४५० |
| १ | कामका लागि पारिश्रमिक अनुदान | नेपाल सरकार | ३०४८००० | ७९६६१२ | २६.१४ | २२५१३८८ |
| २ | कामका लागिल पारिश्रमिक अनुदान (युवा रुप) | IDA शोधभनर्न हुने ऋण | २३५१००० | ११०३५१३ | ४६.९४ | १२४७४८७ |
| जम्मा | | | ५३९९००० | १९००१२५ | ३५.१९ | ३४९८८७५ |
| कुल जम्मा | | | ७४५७००० | ३३२२६७५ | ४४.५६ | ४१३४३२५ |

## ११. निश्कर्ष

बेलका नगरपालिका मा संचालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम नागरिकहरुका माझ लोकप्रिय हुँदै गएको छ जसको पुष्टि कार्यक्रम कहिले देखि सुरु हुन्छ भन्दै वेरोजगारहरुले बार बार रोजगार सेवा केन्द्रमा फोन तथा संपर्क गर्नु फारम भर्नका लागि बारम्बार रोजगार सेवा केन्द्र र वडा कार्यालयहरुमा सम्पर्क राख्नुले गरेको छ । यसलाई नगरपालिकाका अन्य भौतिक पुर्वाधारका योजनाहरु संग जोडेर साझेदारीमा लैजान सके, रोजगार रणनीति बनाएर कार्यान्वयन गरे र रोजगारदाता निकायहरुलाई नगरपालिकाको मातहतमा सुचिकृत गर्न सके यो कार्यक्रम देशकै एउटा सफल कार्यक्रम हुने देखिन्छ । मन्त्रालयले स्थानीय दर रेटको आधारमा बेरोजगार श्रमिकहरुलाई ज्याला भुक्तानी गर्न सके र नगरपालिकाका सबै वडाबाट संचालन हुने योजनाहरुसँग प्रधानमन्त्री रोजगार कार्यक्रमलाई साझेदारिमा लान सके यहाँको बेरोजगारको समस्यालाई धेरै हदसम्म घटाउन सकिन्छ भने नगरपालिका बाट संचालन हुने भौतिक पुर्वाधार लगायत खानेपानी सरसफाई आदि सबै कुरामा लाभ लिन सकिने देखिन्छ । बैदेशिक रोजगारीलाई मर्यादित बनाउन बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको काम पनि हाल स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाटै हुने थालेको छ । साथै बैदेशिक रोजगारीमा गएर मृत्यु भएका तथा अंङ्गभङ्ग भई उहाहरुले बैदेशिक रोजगार बोर्डबाट पाउने आर्थिक सहायताको लागि कागजातहरु पेश गरिदिने काम पनि रोजगार सेवा केन्द्र मार्फत नै भै रहेको छ ।

# अनुसूची- १

## कर्मचारीको विवरण

| क्र.सं. | नाम /थर | पद | सम्पर्क नं | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | विमला थापा | रोजगार संयोजक | ९८४९८८८५०६ | bimlathapaa@gmail.com |
| २ | अशोक कुमार चौधरी | प्राविधिक सहायक | ९८६२५०११९६ | tharuashok98047@gmail.com |
| ३ | रविन राई | रोजगार सहायक | ९७४५७१२९९४ | rairabin736@gmail.com |

## अनुसूची -२

## स्थानीय निर्देशक समिति (प्रधानमन्त्री रोजगार कार्यक्रम)

| क्र.सं. | नाम/थर | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अशोक कार्की (नगर प्रमुख) | अध्यक्ष | ९८४१३३७७९२ | |
| २ | श्री जीरा राई (नगर उप-प्रमुख) | सदस्य | ९८४२८०७०७० | |
| ३ | श्री जय कुमार राई (वडाध्याक्ष) | सदस्य | ९८१९३३६६६० | |
| ४ | श्री तिर्थराज अधिकारी (वडाध्याक्ष) | सदस्य | ९८५१०७४८९५ | |
| ५ | रमेश गौतम ( प्र.प्र.अधिकृत ) | सदस्य | ९८४७८३३१८५ | |
| ७ | श्री विमला थापा ( रोजगार संयोजक ) | सदस्य-सचिव | ९८४९८८८५०६ | |



बिमला थापा
रोजगार संयोजक

## अनुसूची -३

## प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सम्बन्धित ऐन, नियमावली, निर्देशिका तथा कार्यविधि/मापदण्डहरुको विवरण

| | |
|---|---|
| **ऐन तथा नियमावली** | |
| १ | रोजगारीको हक सम्बन्धी ऐन, २०७५। |
| २ | रोजगारीको हक सम्बन्धी नियमावली ( दोस्रो संशोधन सहित), २०७५ \| |
| कार्यविधि/ मापदण्ड | |
| १ | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधी), २०७७। |
| २ | युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ |
| ३ | एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधी, २०८० |
| ४ | स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड ,२०७८ |
| ५ | बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६ |
| ६ | रोजगार संयोजकको पदपुर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६। |
| ७ | Financing Agreement, 2019 |
| **निर्देशिका** | |
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (दोस्रो संसोधन) निर्देशिका, २०७८ |



बिमला थापा
रोजगार संयोजक